ISSN NO . 2676–1297

# बहुभाषिकताको सामाजिक प्रभाव

**भगवती अधिकारी***

***अध्ययनसार***

*प्रस्तुत लेख बहुभाषिकताको सामाजिक प्रभावको वर्तमान स्थितिको विश्लेषणमा केन्द्रित रहेको छ। प्रमुख उद्देश्य सामाजिक विकासमा बहुभाषिकताको प्रभाव पहिल्याउन र त्यसप्रति बहुभाषिकताको प्रभावबारे शिक्षकहरूको दृष्टिकोण पहिचान गर्नु रहेको छ। लेखमा गुणात्मक अनुसन्धान ढाँचा साथै व्याख्यान विधिको उपयोग गरिएको छ। यसका लागि उद्देश्यमूलक नमुना छनोटका आधारमा सहभागी पहिचान गरी अन्तर्वार्ता तथा खुला प्रश्नावलीका सहायताले तथ्यको सङ्कलन गरिएको छ। अध्ययनका क्रममा प्राप्त ज्ञान तथा अनुभवसमेतको आधार मानेर स्तरीय बनाउने प्रयास गरिएको छ। बहुभाषिकताले घर, परिवार, समाज, समुदाय राष्ट्रलाई मात्र नभई विश्वव्यापी रूपमा प्रभाव पार्ने गरेको तथा समाज परिवर्तनका लागि परेको सकारात्मक प्रभावले अझ उचाइमा पुऱ्याएको महसुस भएको छ। बहुभाषिकताले शैक्षिक क्षेत्रमा पारेको सकारात्मक प्रभावले समाजमा परिवर्तन चाहेको त्यसका लागि विद्यार्थी र शिक्षकको सकारात्मक व्यवहारले भाषाको संरक्षण, सम्वर्द्धन र विकासमा सहयोग पुग्नसक्ने सहभागीबाट प्राप्त तथ्यका आधारमा निष्कर्ष पहिचान गरिएको छ।*

**प्रमुख शब्दावली** : बहुभाषिकता, भाषिक सम्प्रेषण, सामाजिक महत्त्व, अन्तरक्रिया।

## १.विषयपरिचय

भाषा विचार विनिमयको माध्यम हो। यो एउटा व्यवस्था हो। मानिसले भाषाकै कारणले अभिव्यक्ति तथा भावना आदानप्रदान गर्ने गर्दछन्। भाषा सिक्नु र व्यवहार गर्नु मानवीय प्रकृति हो। मानिस समाजमा बस्छ, समाजमा दैनन्दिन क्रियाकलाप सञ्चालन गर्न तथा जनसम्पर्कका लागि भाषा आवश्यक पर्दछ। भाषा सिकाइ समाजमा नभई नहुने अनिवार्य वस्तु एवम् मानवीय आवश्यकता हो। अतः भाषा र समाज बच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ( ढकाल,२०७१, पृ.१६)। नेपाल बहुजाति, बहुभाषी र बहुसांस्कृतिकसम्पदाले भरिपूर्ण देश हो। मातृभाषा बाहेकका सबैभाषा या एकभन्दा बढी भाषाबाट मानवीय दैनन्दिन क्रियाकलापलाई प्रयोग व्यवहार गर्न सिकिने क्षमता बोधको स्थितिलाई बहुभाषिकता भनिन्छ। अतः भाषा सिकाइका क्रममा सरल, सहज र स्वतन्त्रतापूर्वक सिकिने पहिलो मातृभाषा हो, त्यसपछि सिकिने भाषा दोस्रो भाषा वा लक्ष्य भाषा हो; यसलाई भाषा आर्जन र प्राप्ति पनि भनिन्छ। बहुभाषिकता समुदायमा पाइने भाषिक सम्प्रेषणका; भाषिक वक्ताको प्रयोगको व्यवहार हो। यसैक्रममा क्लेन (इ.२०१७) ले बहुभाषिकताको परिभाषालाई *"एकभन्दा बढी भाषाको प्रयोग वा एकभन्दा बढी भाषाहरूमा योग्यता हुनुलाई जनाउने"* उल्लेख गरेका छन्। बहुभाषिक शिक्षाले बहुभाषिक संस्कृति, विश्व दृष्टिकोण र ज्ञानको विकासलाई जोड दिने भएकाले समावेशी समाजको विकास साथै सामाजिक सहअस्तित्वमा सहयोग पुऱ्याउँछ। बहुभाषिक शिक्षा निर्देशिका (२०६६), मा मातृभाषा शिक्षकको काम, कर्तव्यअन्तर्गत *"स्थानीय भाषिक समुदाय र विद्यालयका बिचमा समन्वय गर्ने, मातृभाषासम्बन्धी सचेतना कार्यक्रम गर्ने"* उल्लेख गरिएको छ। प्रत्येक समुदायमा भाषालाई मानवीय अभिव्यक्ति सम्प्रेषण एवं व्यवहारको प्रभावकारी माध्यम मानिन्छ।नेपालको सन्दर्भमा प्राचीन कालदेखि नै राम्रो र समृद्ध भनेर संस्कृत र नेपाली भाषालाई महत्त्व दिएपनि हाल बहुभाषिक सिकाइलाई महत्त्व दिएको पाइन्छ। परम्परागत रूपमा बहुभाषिकता भाषा सिकाइको बाधक हुन्छ भन्ने धारणाले प्रशय पाएता पनि हाल बहुभाषिकताले सामाजिकीकरण तथा सांस्कृतिक दृष्टिले

---

* लेखक त्रिभुवन विश्वविद्यालयमा एमफिल-विद्यावारिधि तहमा अनुसन्धानरत हुनुहुन्छ।

सहयोग पुऱ्याउँछ भन्ने मान्यता रहँदै आएको पाइन्छ। याकोब्सनले (सन् १९५३) ले बहुभाषिकतालाई समस्याका रूपमा प्रस्तुत गरेका तर त्यसपछिका भाषाविज्ञहरूले सामाजिक यथार्थ तथा स्वाभाविकता मान्दै आएका छन् (अधिकारी, २०७४,पृ.३९)। नेपालीभाषा विकसित भएसँगै अन्य भाषाभाषीहरूको पनि पहिचान खुल्दै गएको देखिन्छ। लि विइ (इ.२०२० ) ले गरेको एक अध्ययनमा *"बहुभाषिकताले समुदायमा दुई वा दुईभन्दा बढी भाषाको सहप्रयोग र सहअस्तित्वलाई स्वीकार गर्ने कुरा"* प्रस्तुत गरेका छन्।

बहुभाषिक देशका जनताले आफ्नो भाषिक पहिचान संरक्षण र सम्वर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्दै र खोज्दै आएको पाइन्छ। दिवाइली (इ.२०१५)का अनुसार *"बहुभाषिकतालाई पहिले मनोवैज्ञानिक र सामाजिक रूपमा हानिकारक हुन्छ भन्ने तर्क पेस गरेको (एडवर्ड्स, २००३) साथै सामाजिक, समाजशास्त्रीय दबाबले मनोवैज्ञानिक अभिव्यक्ति आउने सङ्केत गरेको तर वर्तमानमा गरिएको एक अध्ययनले बहुभाषिकताले व्यक्तिलाई आर्थिक फाइदाका बारेमा ध्यान केन्द्रित गरेको"* उल्लेख छ। अझ भाषासम्बन्धी अनुसन्धान हुनुपर्ने जुन सामाजिक राजनैतिक रूपमा राजनीतिज्ञलाई भाषानीति निमार्णमा सहजता प्रदान गर्ने किन्तु व्यक्ति र समाजलाई फाइदा पुग्ने कुरा उल्लेख गरेका छन्।

इडवार्डस् (इ.२०१२)ले *"बहुभाषिकताले सामाजिक, राजनैतिक, मनोवैज्ञानिक लगायतका बहसहरूमा महत्त्व राखेको हुन्छ। यसले सामाजिक र जातीय समूहहरू, समुदाय र क्षेत्रहरूलाई परिभाषित गर्दछ"* भनी बताएका छन्। भाषाको प्रयोगक्षेत्र नै समाज भएकोले समाजविना भाषाको कल्पना पनि गर्न सकिँदैन। *"यसले सामाजिक सम्बन्धहरू स्थापित गर्ने, सूचनाको आदानप्रदान, सामाजिक अन्तरक्रिया र भाषिक सञ्चारबिच पारस्परिक सम्बन्धलाई बोध गर्दछ। कुनै पनि समाजको ढाँचा भूगोल, लिङ्ग, अर्थव्यवस्था, उमेर समूह, जातजाति, प्रादेशिक वितरण, शिक्षा चेतना आदिले निर्धारण गर्दछ* (भण्डारी र पौड्याल, २०७३, पृ. १५)।"नेपाल बहुभाषिक मुलुक हो, त्यसैले यहाँ व्यक्तिले दुई वा दुईभन्दा बढी भाषा बोल्ने गर्दछन्। "रो*नाल्ड कार्टरले कुनै व्यक्ति वा समुदायको तीन वा सोभन्दा बढी भाषाहरू माथिको प्रभुत्व वा अधिकारलाई बहुभाषिकता भनेका छन्* (पन्त, २०७६, पृ.२१)।"विश्वभरि लगभग ७००० भाषा प्रयोग व्यवहार अर्थात् अस्तित्वमा रहेका छन्। नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा विविधतायुक्त विशेषताले परिएको सम्पन्न देश हो(पन्त, २०७६, पृ.२७)। भाषाका चार परिवारभित्रका भारोपेली भाषापरिवार, भोटचिनियाँ भाषापरिवार, आग्नेली भाषापरिवार, द्रविडेली भाषापरिवार र एकल परिवारको भाषा नेपालमा बोलिदै आएका छन्। नेपालको जनगणना २०७८ को तथ्याङ्क अनुसार नेपालमा १४२ जातजाति र १२४ मातृभाषी रहेको बहुभाषिक स्थिति छ (राष्ट्रिय तथ्याङ्क विभाग, २०७८ )। नेपालको सरकारी कामकाजको भाषा नेपाली भएपनि नेपालका सबै मातृभाषालाई नेपालको संविधान २०७२ ले राष्ट्रभाषाको मान्यता प्रदान गरेको छ। *"नेपालीइतर मातृभाषीले राष्ट्रभाषा नेपालीको प्रयोग व्यवहार गर्नु, उनीहरूको द्विभाषिकता हो। सामाजिक भाषाविज्ञानले द्विभाषिकता र बहुभाषिकतालाई पर्यायवाची रूपमा लिएको पाइन्छ* (ढकाल, २०७१, पृ. ६५)।"

विश्वका धेरै राष्ट्रहरूमा बहुभाषा प्रयोग व्यवहारमा आएका छन्। *"बहुभाषिकताबाट खास समुदायका व्यक्ति वा समाजको बौद्धिक र सिर्जनात्मक क्षमता विकास हुन सक्ने* कुराको ल्यावर्ट (१९७७)ले पुष्टि गरेका छन् (ढकाल, २०७१,पृ.६८)।" बहुभाषिक समाजमा भाषाले फरकफरक भाषिक र सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरूलाई परस्परमा सहिष्णु बनाउँछ। अझ द्विभाषिक हुन नसकेको व्यक्ति खास समुदायबाद चामलबाट बियाँ अलग्गिएको जसरी अलग्गै हुन्छ (ढकाल, २०७१)। बहुभाषिक समाजमा शैक्षिक संस्थाबाट प्राप्त ज्ञानले पारेको प्रभावलाई मुख्य समस्याका रूपमा अध्ययन गरिएको छ। अतः प्रस्तुत अध्ययन कक्षाकोठाको सामाजिक विकासमा बहुभाषिकताको प्रभाव पहिल्याउन र सामाजिकताको विकासमा बहुभाषिकताको प्रभावबारे शिक्षकहरूको दृष्टिकोण पहिचानमा केन्द्रित रहेको छ। बहुभाषिकताको बाहुल्यता रहेको स्थितिमा सामाजिक प्रभावको खोजलाई अध्ययनीय विषय बनाउनु वर्तमान परिवेशमा सान्दर्भिक मानिएको छ।

प्रस्तुत अनुसन्धेय विषय गुणात्मक अनुसन्धान ढाँचा तथा व्याख्यान विधिमा आधारित छ। यस प्रकारका अध्ययनमा अध्येताले आफ्नो उद्देश्य प्राप्तिका लागि आफ्नो नमुना आफैंले निर्माण गर्ने गर्दछन्। उद्देश्यमूलक सहभागिताका आधारमा माध्यमिक तहमा अध्यापन गर्ने चारजना सहभागीबाट प्राथमिक रूपमा तथ्यको सङ्कलन गरिएको छ। तथ्य सङ्कलनका साधनका रूपमा प्रत्यक्ष कुराकानीमा खुला प्रकृतिका प्रश्नको उपयोग गरिएको छ। यसलेखमा प्राप्त तथ्यलाई आवश्यकतानुसार मोबाइलमा रेकर्ड गरिएको छ। उक्त रेकर्डलाई पटकपटक सुनेर कोड निर्माण गरी त्यसबाट पनि मुख्य धारणा जनाउने उपशीर्षकसँग तथ्यलाई समेट्दै विश्लेषणात्मक रूपमा विश्लेष्य विषयको निष्कर्षमा पुगिएको छ।

**२.व्याख्या विश्लेषण**

प्रस्तुत लेखमा बहुभाषिक विद्यालयमा अध्यापनरत चार जना शिक्षकसँग गरिएको कुराकानीको मुख्य थिम निर्माण गरी तिनीहरूको निम्नानुसार विश्लेषण गरिएको छ :

***सामाजिक अन्तरक्रिया :*** नेपालजस्तो बहुल समाजमा सामाजिक अन्तरक्रिया आवश्यक र अपरिहार्य मानिन्छ। विविधतामा एकता भएको समाजमा प्रत्येक सामाजिक, धार्मिक, सांस्कृतिक, रहनसहन, आर्थिक क्रियाकलाप तथा भौगोलिक अवस्थाका सन्दर्भमा बहुभाषाको आवश्यकता पर्दछ; अन्तरक्रिया भइरहेको हुन्छ। यसर्थ समाजमा एक भाषाको ज्ञानले मात्र कुनै पक्षको समाधान गर्न नसक्ने साथै यस्ता विविध पक्षमा सहभागिता जनाउँदिन भनेर छुटकारा पाउने अवस्था पनि छैन। बहुभाषिकताले सामाजिक कार्य सम्पादनलाई कुनै न कुनै प्रकारले प्रभावित गरिरहेको हुन्छ।

सामाजिक अन्तरक्रिया भाषाको विशेषता हो यसअन्तर्गत गरिएको कुराकानीमा सहभागी शिक्षक चारै जनाको मतैक्य छ। सिकारुका क्रियाकलापलाई नजिकबाट अनुभूत गर्नुभएका सहभागी 'क' को बहुभाषिकताको सामाजिक भाषिक अन्तरक्रियाप्रतिको जिज्ञासाबारे धारणा यस्तो छः *"त्यसमा हाम्रो भाषामा यस्तो अर्काको भाषामा यस्तो हुनेरहेछ भनेर अन्तरक्रिया गर्ने अवसर पनि पाउँछन्। कुनै शीर्षकमा केही लेख्न लगाइयो भने पनि थाहा पाउँछन्, त्यो भएर उनीहरूको ज्ञानको दायरा फराकिलो हुँदै जान्छ।"* यस सन्दर्भमा सहभागी 'ख', 'ग' र 'घ' को धारणा पनि सान्दर्भिक देखिएको छ। अतः यस्ता प्रकृतिका अन्तरक्रिया भइरहने हुनाले एकभाषी वक्ताले अन्य भाषाभाषीको बारेमा बुझ्ने अवसर प्रशस्त पाउने भएकाले वक्ताको समुदायप्रतिको विश्वास अझ गाढा हुने देखिएको छ। ओकल (इ.२०१४) को अध्ययनले मातृभाषाले बुद्धि, विशेषज्ञता, ज्ञान र सिपको विशाल भण्डारका लागि पहुँच प्रदान गर्ने भएकोले बहुभाषिकतालाई ठुलो स्रोतका रूपमा लिएको उल्लेख छ। एक भाषा मात्र प्रयोग गर्ने व्यक्ति जनावरभन्दा फरक नपर्ने भन्दै भाषालाई विकासको प्रक्रियामा प्रभावकारी बनाउन व्यक्तिले बहुभाषिक हुनुपर्ने वा सिक्नु पर्ने तथ्य प्रस्तुत गरेका छन्।

सामाजिक विविधतालाई जोगाइ राख्न, आफ्ना दैनन्दिन क्रियाकलाप व्यवस्थापनका लागि मात्र भए पनि बहुभाषिक हुनुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना हुन थालेको छ। बहुभाषिकताले सिकारुलाई एकअर्कामा आत्मियताका साथै समझदारी बढाउन मद्धत गर्दछ। भाषा सामाजिक सम्पर्कमा प्रभावशाली माध्यम भएको देखिन्छ। वास्तवमा बहुभाषिक कक्षाकोठा अवलोकनका क्रममा पनि यसमा मिल्दोजुल्दो क्रियाकलाप देखिएको छ। अतः सामाजिक अन्तरक्रियामा सशक्त अग्रगामी बनाउने मार्गका रूपमा बहुभाषिकता रहेको छ।

***धर्म र संस्कृतिको संरक्षण*** : भाषा धर्म र संस्कृतिको संरक्षण तथा वाहक भएकोले यी दुईको बिचमा घनिष्ट सम्बन्ध रहनु स्वाभाविक मानिन्छ। भाषा संस्कृति हो, संस्कृति भनेको भाषा हो। भाषाले सामाजिक संरचनालाई प्रतिनिधित्व गर्ने तथा व्यक्तिका विचार वहन गर्ने कार्य गर्दछ, सोचाइलाई यसले नियन्त्रण समेत गर्दछ। बहुभाषिकतालाई सम्बन्धित शैक्षिक संस्थाको वरपरको परिवेशले पनि फरक पार्दछ। धर्म र संस्कृतिको संरक्षणमा बहुभाषिकताले सकारात्मक प्रभाव पारेको सहभागी 'क' को राय यस्तो गरेको छ : यहाँ विद्यार्थी सानैदेखि विद्यालय आइरहेका हुन्छन्। उनीहरूले त्यो समाजमा पाइने जातहरू, त्यही बोलिने भाषाहरूको बारेमा जानकारी लिने, भाषाको बारेमा बुझेर थोरै भए

पनि समाजतिर लागु गरेको कुरा शिक्षक र विद्यार्थी दुवैमा महसुस भइरहेको छ त्यसले सामाजिक रूपमा अरूको संस्कृतिलाई नहेप्ने आफ्नो संस्कृतिलाई बचाउन यसले सहयोग गर्छ।

भाषाको समुदायमा आफ्नै पहिचान र भूमिका रहेको हुन्छ। भाषाले एकअर्कामा धार्मिक र संस्कृतिक रूपमा एकताको मालामा बाध्ने कार्य गर्दछ। एक अर्काको धर्मप्रतिको आस्था र विश्वासले समुदायमा ठुलो भूमिका खेलेको हुन्छ। धर्म कुनै सम्प्रदायको निजी सम्पत्ति नभएर सार्वजनिक भएकोले राष्ट्रिय रूपमा धार्मिक आस्था, सहभागिता, विश्वास बढेसँगै संरक्षण र सम्वर्द्धनमा समान सहभागिता हुनु आवश्यक हुन्छ।

यस लेखमा सहभागीका प्रतिक्रिया लिने क्रममा अध्येताले बहुभाषिकताको सन्दर्भमा धार्मिक र सांस्कृतिक पक्षमा सहभागिता जनाउने स्थितिबारे जानकारी लिन खोज्दा विशेष धार्मिक दिनपरेको बेलामा परिस्थितिअनुसार सहभागिता जनाउने गरेको तथा आफूले उक्त धर्म नमनाउने भए पनि विरोध र घृणा पनि नगर्ने पाइयो। समयअनुसार भैरहने धार्मिक अनुष्ठान र जात्राहरूका बारेमा एकअर्काको धर्म र संस्कृतिप्रति सम्मान गर्ने गरेको पाइयो। त्यसैगरी विद्यालयद्वारा प्रदान गरिने शिक्षाको प्रभावले सिकारुमा सकारात्मक प्रभाव परेको छ।

यस क्रममा विद्यार्थीहरूले कुनै पनि चाडपर्व मनाउने क्रममा एक अर्काको आदानप्रदानका सम्बन्धमा सहभागी 'ग' को प्रतिक्रिया यस्तो रह्यो*: चाडपर्वमा बनेका विशेष परिकारको आदानप्रदान पनि हुन्छ। उनीहरूको कुरा हुन्छ खाजा ल्याउने बाँड्ने, एक अर्कालाई सम्मान नै गर्छन्।"* वास्तवमा हाम्रो सामाजिक परिवेशमा प्रत्येक जाति र भाषाभाषीका आआफ्नै सामाजिक मूल्य र मान्यता रहेता पनि धार्मिक र सांस्कृतिक रूपमा एक अर्कामा समभाव पाइन्छ। कक्षा अवलोकनमा पनि प्रायः एकाध बाहेक अन्यले यस तथ्यलाई बलियो बनाएका छन्। यसका उदाहरण काठमाडौँ उपत्यकाका नेवार समुदायका विभिन्न जात्रा र चाडपर्वमा अन्य समुदायको सहभागिता बढ्दो क्रममा रहेको देखिन्छ। त्यसैगरी तराई बासीले मनाउने छठ पर्वको पनि सबै समुदायले सम्मान र आदर प्रकट गरेको, सहभागिता बढ्दो रहेको छ। नमुनाका रूपमा प्रस्तुत गरिएका यस्ता अनेकौ धर्म र संस्कृतिप्रतिको आस्था र सम्मानले बहुभाषिकताको उचाइ बढेको देखिन्छ।

यसैसन्दर्भमा क्याटलानो र अन्य (इ.२०२०) ले गरेको अध्ययनमा *"विद्यालयमा बढ्दो बहुभाषिक र बहुसांस्कृतिक रूपमा विद्यार्थीलाई अनुकूलन गर्ने तरिकाको अध्ययन गरी गहन अन्तर्वार्ताद्वारा विभिन्न रणनीतिको प्रयोग गरेर, भाषा र समाजशास्त्रीय अवधारणाको उजागर, परिवर्तनका लागि समानुपातिक सिकाइसन्दर्भ प्रस्तुत गर्दै भाषा विकासलाई प्रोत्साहित गर्न सकिने "* तथ्य उल्लेख गरेको छ। प्रत्येक समाजको बौद्धिक स्तरलाई त्यहाँ प्रयोग गरिने भाषाले प्रभाव पारेको हुन्छ। भाषा सिक्नु मानिसको जन्मजात गुण हो जसको अनुकूलतामा र प्रभावशाली भाषिक वातावरण पाएमा व्यक्तिले बहुभाषिकताको प्रयोग व्यवहार गर्न सक्षम हुन्छ (ढकाल,२०७१)। प्रस्तुत तथ्यहरूका आधारमा विद्यालयहरूमा बहुभाषिकताको सकारात्मक प्रभाव समाजमा धार्मिक र सांस्कृतिक एकता कायम राख्न सहयोगी सिद्ध देखिन्छ। यससन्दर्भमा सहभागीसँग गरिएको कुराकानीमा लगभग समानता रहेको छ भने कक्षा अवलोकनमा पनि बहुभाषिक कक्षा सहभागिताले धर्म र संस्कृतिको संरक्षणमा प्रत्यक्ष तथा परोक्ष प्रभाव पार्ने देखिएको छ।

***सहयोगी भावनाः*** सहयोगी भावना नेपालीको पहिचान पनि हो। समाजमा रहेका एकअर्का भाषाभाषी र जातजातिको हरेक सुख, दुखमा साथ दिनु, अप्ठ्यारो समयमा सहजीकरण गर्नु बहुभाषिक समाजमा अति आवश्यक हुन्छ। विद्यालय हाताभित्र गरिने प्रत्येक क्रियाकलापमा यसको महत्त्व हुनुपर्छ। शैक्षिक संस्थाबाट पाएको ज्ञानले समाजमा प्रत्यक्ष प्रभाव पार्दछ। बहुभाषिक समाजमा समुदाय र विद्यालयको अन्तरसम्बन्ध रहेको हुन्छ ; हुनु पनि पर्छ। हाम्रो देश मात्र नभएर विश्वका अधिकांश मुलुक बहुभाषिक छन्, कतिपय राष्ट्रमा जनसंख्या थोरै भएपनि यसप्रकारको शिक्षणले अधिक सकारात्मक प्रभाव पारेको विभिन्न अध्ययनले प्रष्ट पारेका छन्।

बहुभाषिक कक्षा शिक्षणमा सहभागी विद्यार्थीहरूको सहयोगी भावनाको विकास भएको देखिएको छ। अध्येताले यसबारेमा कुरा गर्दा सिकारुमा सहयोगी भावनाको विकास क्रमश हुने सहभागी सबैको धारणा पाइएको छ।

कक्षामा बहुभाषीले माथिल्ला (९ र १०) कक्षामाभन्दा साना कक्षाका विद्यार्थी मातृभाषा प्रयोग गर्ने भएर शिक्षकले भनेका कुरा नबुझेमा सँगैको द्विभाषी वक्ताले आफ्नै भाषामा बताएपछि जानेर गर्ने गरेको पाइयो। एकलाई परेको समस्या समाधान गर्न सबैले एकजुट हुने गरेको समेत तथ्य प्राप्त भएको छ। एकआपसमा सरसहयोग हुने बहुभाषीले त्यसको अर्थ लगाइदिने गरेकोले शिक्षक तथा विद्यार्थी दुवैलाई सहयोग पुगेको देखिन्छ। नेपालको सन्दर्भमा प्रायः बहुभाषी कक्षामा शिक्षणको भाषा नेपाली र अङ्ग्रेजी हुने गरेको छ। यसमा सबै शिक्षक पनि बहुभाषी नहुने भएकोले कतिपय परिस्थितिमा सहभागी विद्यार्थीबाट नै सहयोग लिएर अन्य विद्यार्थीलाई बुझाउनु पर्ने अवस्था आउने गर्दछ। यस अध्ययनसँग सम्बन्धित ब्रुरेन र केली (इ.२०१६) को अध्ययनमा पनि समान धारणा पाइएको छ। *"बहुभाषिकताको प्रयोगले कक्षाकोठामा भाषिक विविधताबाट सहपाठीको अर्थात् लक्षित भाषाबारे ज्ञान लिन सजिलो भएको पाइएको छ। यस्ता गतिविधिले सहपाठी अध्ययनमा सहयोग पुग्ने भएकोले त्यस्ता ज्ञानलाई मूल्यवान्"* भनी वर्णन गरिएको छ। बहुभाषिकताको सामाजिक महत्त्वअन्तर्गत सहयोगी भावना अधिक भएको सहभागीले बताएका तथ्यले पुष्टि गरेको छ।

विद्यालय शिक्षामा सहभागी शैक्षिक व्यक्तित्व वर्गले गर्ने हरेक व्यवहारबाट सिकारुको व्यवहार परिवर्तन र परिमार्जन हुने गर्दछ। वैयक्तिक व्यवहारको साक्षी सिकारु वा वक्ता स्वयं हुने भएकोले उसले समाजमा गर्ने प्रत्येक क्रियाकलापमा त्यसको असर परिरहेको हुन्छ। बहुभाषिकताको सामाजिक प्रभावका सन्दर्भमा सहयोगी भावना वास्तवमा सबैका लागि अपरिहार्य रहेछ। बहुभाषिक कक्षा अवलोकनमा पनि सिकारुले मातृभाषा खासै प्रयोग नगर्ने भएकोले यसलाई सामान्य रूपमा लिएको पाइयो। अतः अध्ययनका क्रममा प्राप्त भएको समाजको यथार्थ पनि यही हो।

***बौद्धिक लचकता र सकारात्मक प्रभाव***: बहुभाषिक समाजमा बसोबास गर्ने वक्ता भाषिक दृष्टिले सरल, शान्त, मिलनसार हुन्छन्। जब व्यक्तिमा ज्ञानको दायरा बढ्दै जान्छ उसमा शालीनता वृद्धि भएको पाइन्छ। अझ एकभन्दा बढी भाषाको ज्ञानसँगै उसले त्यस समुदायको बारेमा अनेकौं सत्य र तथ्यको जानकारी ग्रहण गर्दछ। त्यसको धर्म संस्कृतिलाई नजिकबाट जान्ने अवसरलाई सही सदुपयोग गरेमा वक्ता त्यो भाषा, धर्म र संस्कृतिप्रति बफादार हुन्छ। बहुभाषिक समाजमा यसको प्रभाव विद्यालय शिक्षाबाट अधिक पर्दछ। यसर्थ बौद्धिक लचकता र सकारात्मक प्रभावको जानकारी लिने क्रममा सहभागीबाट सकारात्मक सहयोग प्राप्त भएको छ। विद्यार्थीको कक्षा सहभागिता बहुभाषिक विद्यालयमा सामूहिक शिक्षण हुने गरेको देखिन्छ। यहाँ लामो समयदेखि यस विद्यालयमा अध्यापनरत शिक्षकलाई बहुभाषिक शिक्षणमा सहभागी सिकारुको बौद्धिक क्षमता परिस्थितिअनुसार व्यवहार गर्ने र बुझाइमा लचकदार हुने साथै संज्ञानात्मक भन्दा पनि भावनात्मक रूपमा सचेत भएको सहभागी 'क' ले बताउनु भयो। व्यवहारमा सचेतताको विकास भएको उनीहरूमा आफूले जानेकोभन्दा अरूले भनेको कुरालाई बढी ध्यान दिएर सुन्ने, सिक्ने र अन्य भाषाका जटिलतालाई ट्रान्सलेट गर्ने क्षमता बढी हुने गरेको जानकारी प्राप्त भएको छ।

यसैगरी ओकल (इ.२०१४)को बहुभाषिकतासम्बन्धी अध्ययनमा उल्लेख गरेअनुसार *"बहुभाषिकताले बौद्धिक लचकता बढाउने र रचनात्मक बनाउने गर्दछ। एकभन्दा बढी भाषाको ज्ञान भएमा वक्ता स्वतः अधिक ज्ञानी, बौद्धिक र लचिलो हुने भएकाले यसको नतिजासँगै अभिभावकले थप भाषा सिक्न बौद्धिक लगानी सुरु गरेको"* तथ्य प्राप्त भएको छ। अतः बहुभाषिकताले समुदायमा सकारात्मक भूमिका खेलेको पाइन्छ। यसको प्रभावले वक्तामा हरेक कुरालाई आफ्नै आँखाले हेरेर, भोगेर थाहा पाउने तथा समाजमा व्याप्त परम्परागत रुढी भनिएका भाष्यहरूका बारेमा बुझेर सत्य तथ्यको आधारमा बौद्धिक क्षमताको विकास गर्ने गरेको सहभागी 'ग' को धारणा रहेको छ। यसका आधारमा बहुभाषिक कक्षामा सहभागी विद्यार्थीहरूमा शिक्षक तथा सहपाठीको सकारात्मक व्यवहारले बौद्धिक लचकतामा उल्लेख्य भूमिका खेलेको देखिन्छ। कक्षा शिक्षण सिकाइ क्रियाकलापमा सिकारु बढी होसियार, परिस्थितिअनुसार समायोजन र कार्यसम्पादनमा उत्प्रेरित हुने गरेको पाइयो।

त्यसै गरी हौकास (इ. २०१५) ले गरेको एक अध्ययनमा *"भाषिक ज्ञानको बारम्बार प्रयोग र भाषाहरू बिचको सहकार्यले विद्यार्थीहरूको भाषा सिकाइमा वृद्धि गर्न सक्ने भनी बहुभाषिकतालाई सकारात्मक सम्पत्तिका रूपमा"* उल्लेख

गरेका छन् । बहुभाषिकताका सवालमा एक अर्कामा हुने भाषिक ज्ञानको आदानप्रदान, सृजनात्मक लेखनका प्रतिक्रिया, छलफल आदि कुराहरूले व्यक्तिको बौद्धिकतामा सकारात्मक प्रभाव पर्ने हुनाले यसले समाजमा फरक पहिचान बनाउन सहयोग गर्दछ। व्यक्तिका बौद्धिक चिन्तन जति स्पष्ट र सरल हुन्छन् समाजमा विकासको गतिले त्यति नै उच्चता प्रदान गर्दछ। बहुभाषिकताको सामाजिक प्रभावलाई विभिन्न अध्ययनले प्राप्त गरेका तथ्यका आधारमा सकारात्मक प्रभाव परेको देखिएको छ। एक अध्ययनमा यसरी भनिएको छ :

> प्राथमिक तहमा बहुभाषिक शिक्षाको व्यापकताको कारण व्यक्ति र समाजको सामाजिक सांस्कृतिक विकास र सामाजीकरणमा खोज गरेको पाइन्छ। व्यक्तिको पहिचान, इतिहास, जाति, संस्कृतिको संरक्षण गर्न राष्ट्रिय रूपमा भाषिक समुदायलाई जोड्न र अङ्ग्रेजी भाषा विश्व समुदायसँग जोड्न साना ठूला जुनसुकै समुदायमा मातृभाषाको सिकाइ अपरिहार्य रहेको उल्लेख छ। यसले सामाजिक सांस्कृतिक, राजनीतिक र आर्थिक लाभ लिनसक्ने निष्कर्ष पहिचान गरिएको छ (कलाम इ.२०२० )

बहुभाषिकताले व्यक्तिगत पक्षमा प्रभाव पार्ने भएकोले यसलाई समाजको सम्पत्ति मानिन्छ। सामाजिकताका सन्दर्भमा बहुभाषितालाई सम्पत्ति, साधक मात्र नभएर सामाजिक संरचना र व्यवस्थाको सहयोगी रत्नका रूपमा लिन गरिएको छ। बहुभाषिकताको सामाजिक महत्त्वप्रति सहभागी 'ख' ले यसरी धारणा व्यक्त गरेका छन्:*"यसले ज्ञानको क्षेत्रमा वृद्धि गर्नुका साथै व्यक्तिमा संज्ञानात्मक विकास गदर्छ, सामाजिकीकरणमा समाजमा घुलमिलको वातावरण हुन मद्धत गर्छ। त्यसैगरी एक अर्कामा संस्कृतिको आदानप्रदानमा सहयोग पुऱ्याउँछ। यसका साथै हरेक व्यक्तिका सामाजिक प्रवृत्तिको विकासमा टेवा पुऱ्याउँछ।"* हाम्रो समाज आफैंमा बहुभाषिकताको नमुना हो। बहुभाषिकता समाजको गहना हो यसै सन्दर्भमा सोही प्रश्नप्रति सहभागी 'घ' ले आफ्नो राय यसरी व्यक्त गरेका छन् :

> बहुभाषिकता समाजिक दृष्टिकोणले संज्ञानात्मक, सांस्कृतिक हिसाबले, कुटनैतिक सम्बन्ध कायम गर्न, वैज्ञानिक सूचना आदानप्रदान, भाषिक प्रचारप्रसार, वैयक्तिक सामाजिक यावत् दृष्टिकोणले यसको महत्त्व रहेको पाइन्छ। भाषिक विस्तारका कुरा यसमा आबद्ध भएका हुन्छन्। नेपाली भाषा नेपालमा मात्र नभएर विश्वका जुनसुकै कुनामा सांस्कारिक कार्य सम्पन्न गर्ने क्रममा अन्य राष्ट्रका व्यक्तिको बुझाइमा सांस्कृतिक प्रचारप्रसार हुने गर्दछ।

वर्तमान समयमा अङ्ग्रेजी भाषाको मोहले गर्दा विश्वमा भाषिक साम्राज्य नै धरापमा पारेको स्थिति रहेको छ। वास्तवमा बहुभाषिकतालाई समाजमा लचिलो, ज्ञानका दृष्टिले विकसित, संज्ञानको विकास, विषयवस्तुको बोध क्षमता बढी रहने गर्दछ। बहुभाषी वक्तामा एकभाषी वक्ताभन्दा क्षमता बढी र समाजमा घुलमिलको वातावरण सिर्जना गर्न सिपाल हुने कक्षा सहभागिता र क्रियाकलापबाट पनि देखिएको छ भने सहभागीका प्रतिक्रियामा पनि मतैक्य रहेको छ।

***विश्वव्यापीपन*** : विश्व एकताको सञ्चार माध्यम नै बहुभाषिकता हो। भाषाको कारण एक राष्ट्रले अर्को राष्ट्रसँग सुमधुर सम्बन्ध स्थापित गरेको पाइन्छ। एक देशबाट अर्को देशको भाषिक ज्ञानका आधारमा विश्वमा आफ्नो सिप र श्रम बेचेर आर्थिक स्तर वृद्धि गर्न, व्यापार गर्न आदि थुप्रै कार्यमा बहुभाषिकताले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। भाषाले एक देशको आन्तरिक मामिलामा मात्र नभएर विश्वका राष्ट्रहरूसँग सम्बन्ध स्थापना गर्न सहयोग गर्दछ। वर्तमानमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक सम्पूर्ण कुराहरूलाई व्यवस्थित गर्नका लागि एक भाषाको प्रयोग व्यवहार पर्याप्त नहुने भएर बहुभाषाको आवश्यकता देखापरेको छ। सहभागी 'घ' लाई बहुभाषिकताको विश्वव्यापी प्रभावका बारेमा राखिएको जिज्ञासामा यसरी मत व्यक्त गरेका छन्: *"युद्धकालीन समयमा एक राष्ट्रबाट अर्को राष्ट्रको सहयोगमा लडाकुको आवश्यकता पर्नुलाई सामरिक महत्त्व थियो।विश्व परिवेशमा भाषिक सम्प्रेषण र सम्पर्कका रूपमा साधक रहनु बहुभाषिकताको महत्त्वपूर्ण पक्ष हो"* सहभागीको मत रहेको छ। कक्षा अवलोकनमा बहुभाषिक कक्षाका सिकारुले विश्वपरिवेशको आँकलन गरेर प्रभावशाली भाषाको अध्ययनम अधिक रुचि राख्ने गरेको पाइयो।

ओकलका अनुसार *"बहुभाषिकताले आजको विश्व बजारमा प्रतिस्पर्धात्मक धार प्रदान गर्न सहयोग पुग्ने कुरालाई बहुभाषिक पाठ्क्रमले सम्भव गराउने, यसका लागि एकभन्दा बढी भाषा बोल्न महत्त्वपूर्ण रहेको छ"* भनी उल्लेख

गरिएको छ। कुनै समुदायमा बहुभाषिकताको प्रयोग व्यवहार विभिन्न अध्ययनले सकारात्मक र बहुउपयोगी रहेको तथ्य सार्वजनिक गरेका छन् । बहुभाषिकताको विश्वव्यापी प्रभावको जिज्ञासाबारे सहभागी 'ख' को धारणा यस्तो रह्योः *"समाज परिवर्तनको आधार विद्यालय शिक्षाबाट सुरु हुने भएकाले शिक्षक र विद्यार्थी यसका वाहक हुन् । यसर्थ सामाजिक सम्बन्धको विकास गर्न तथा विश्वव्यापी परिवेशमा समायोजन हुन बहुभाषिक शिक्षा उपयोगी हुन्छ।"* वास्तवमा बहुभाषिकता भाषिक सङ्क्रमण, अवमूल्यन र भाषिक मृत्युको सम्भावित खतराबाट जोगाइ राख्न सामाजिक समायोजनका सन्दर्भमा लाभदायी हुने देखिएको छ। प्रविधिसँगै जोडिएको भाषाले विश्व एकग्रामका रूपमा स्थापित भएकोले संसारभरिका भाषा, धर्म, संस्कृति, रीतिरिवाज, सामाजिक मूल्य र मान्यतासमेत परिवर्तन भइरहेका छन् ।

***अन्तर्राष्ट्रिय सम्बन्ध*** : मानिसले एक वा दुई भाषाको मात्र प्रयोग व्यवहार गर्ने भएमा विश्वका कुनै कुनामा जानसक्ने अवस्था नरहने थियो । एक राष्ट्रबाट अर्को राष्ट्रमा प्रवेश पाउन सम्बन्धित मुलुकको भाषा जान्नु आवश्यक हुन्छ। एक राष्ट्रले अर्को राष्ट्रको सम्पूर्ण गतिविधि नियालिरहेको हुन्छ। हाम्रो छिमेकी देश भारतको दार्जिलिङमा पटकपटक भाषाको विषयमा आन्दोलन भएका सुनेका छौ। यद्यपि भाषाको कारण आर्थिक समृद्धिका लागि विश्वका जुनसुकै राष्ट्रमा आवतजावतको वातावरण सिर्जना भएको छ। साहित्य, दर्शन, अनुसन्धान लेख, राष्ट्रिय स्तरमा भएका राजनैतिक घटनालगायत विश्व परिवेशलाई चिन्ने, जान्ने र बुझ्ने मौका पाएका छौ। सहभागी 'ग' लाई अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा राखिएको जिज्ञासामा यसरी मत व्यक्त गरेका छन् :

> बहुभाषिकताले राज्यभित्र सीमित नगरी अन्तराष्ट्रिय स्तरमा व्यापारलाई प्रदर्शन र प्रवर्धन गर्न मद्धत गर्दछ। यसले व्यक्तिको बौद्धिक विकासलाई मजबुत गराउँछ। साहित्यका माध्यमबाट भाषाले त्यही समाजमा जन्मिएर हुर्किने अवसर प्राप्त गर्दछ। साहित्यको प्रचुर मात्रामा विकास भएमा त्यो भाषा समृद्ध भाषाका रूपम परिचित हुन्छ। यति मात्र नभएर व्यापार व्यावसाय सञ्चालन तथा राजनीतिक सामाजिक सहभागिता बढाउने काम भाषाले गर्दछ। यसले सामाजिक समृद्धि, सांस्कृतिक रूपमा, साहित्यिक, राजनीतिक विषय, अर्थतन्त्र आदि विषयहरूमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याइरहेको हुन्छ।

भाषाका माध्यमले समाजमा रहेका प्रत्येक व्यक्तिको सहभागिता, नेतृत्व लिने विश्वास र तिनको भूमिकामा सामाजिक महत्त्व प्रकट भैरहेको हुन्छ। यसले सामाजिक रूपमा आफ्ना भावना व्यक्त गरी विचारको आदानप्रदानलाई सहजता प्रदान गर्दछ। कुनै व्यक्ति, वस्तुप्रतिको दृष्टिकोण आलोचनात्मक हुन बौद्धिक क्षमता वृद्धि गर्दछ। फलतः यसले विश्वमा भाषा, साहित्य र कलाको विकासमा सहयोग गरेर विश्वको सांस्कृतिक विविधतालाई उच्च सम्मान प्रदान गरेको छ। अझ राष्ट्रराष्ट्र बिचको सम्बन्धमा समेत सकारात्मक प्रभाव पार्ने काम बहुभाषिकताले गरेको देखिएको छ।

***प्रतिक्रियाका आधारमा चुनौती***: बहुभाषिकता शैक्षिक संस्थाहरूमा जटिल बन्दै गएको अवस्था छ। राज्यका जनता बहुभाषी, राज्यले बनाएको नीति तथा योजना बहुभाषी परन्तु शिक्षाको माध्यम नेपाली र अङ्ग्रेजी बढीमा द्विभाषी रहेको वर्तमान अवस्थामा ज्ञान दिने र लिने सन्दर्भ चुनौतीपूर्णबनेको छ। कतिपय मातृभाषामा विद्यालयमा पठनपाठन सुरु गरेता पनि प्रभावशाली भाषा अङ्ग्रेजीको आकर्षणले नेपाली भाषा ओझेलमा पर्न थालेका महसुस भएको छ। एउटा कक्षामा लगभग ८ र ९ प्रकारका मातृभाषीको सहभागिता हुन्छ, घटीमा ३र४ मातृभाषी हुन्छन् तर शिक्षाको माध्यम नेपाली र अङ्ग्रेजी हुनाले शिक्षणमा समस्या छ। एउटा विद्यालयमा बढी मातृभाषी वक्ताका आधारमा मातृभाषा शिक्षा लिन पाउने व्यवस्था भएमा शैक्षिक क्षेत्रमा निकै सुधार हुने आँकलन गरिएको छ। बहुभाषिक नीति राज्यले बनाएको दस्तावेजका रूपमा सीमित रहेको छ। नेपालको सन्दर्भमा कक्षा सहभागिता बुहभाषी तर शिक्षाको माध्यम एकभाषी हुनु नै समस्या हो। वास्तविक र प्रायोगिक रूपमा नीति नियमहरूको कायान्वयन गर्न नसकेसम्म यो बहुभाषिक राष्ट्रहरूमा शैक्षिक गुणस्तरमा जटिलता यथावत् रहने चुनौती देखिएको छ।

### ३. निष्कर्ष

बहुभाषिकताको सामाजिक प्रभावकारिताका सन्दर्भमा पाइएका सहभागीका धारणा तथ्य, विचार विमर्श आदिबाट यसको आयाम बृहत् रहेको पाइएको छ। बहुभाषिकताले समाजमा भाषिक सम्प्रेषण र भावनाको आदानप्रदान

मात्र नभएर राष्ट्र तथा विश्व परिवेशको प्रतिविम्बन गरिरहेको हुन्छ। शैक्षिक संस्थाबाट पाएका ज्ञानलाई भाषाका प्रभावले बहुभाषिक समुदायसँग सम्बन्धित क्रियाकलापमा सहयोगी र अपरिहार्य साधनका रूपमा, सामाजिक पहिचान र परिवर्तनका लागि, धार्मिक, सांस्कृतिक र परम्पराको संरक्षण र सम्वर्द्धन, भाषिक पहिचान, अन्तर्राष्ट्रिय सम्बन्ध, राजनैतिक, आर्थिक, भाषिक, साहित्यिक, सामाजिक सद्भाव, आत्मियता, सहकार्य, सामाजिक ऐक्यबद्धता, व्यक्तित्व विकास आदि कार्यमा प्रत्यक्ष तथा परोक्ष प्रभाव परिरहेको छ।यसलेविश्वव्यापी तथा समाज परिवर्तनका लागि परेको सकारात्मक प्रभावले पनि यसको महत्त्वलाई अझ उचाइमा पुऱ्याएको महसुस भएको छ। बहुभाषिकताले शैक्षिक क्षेत्रमा पारेको सकारात्मक प्रभावले समाजमा परिवर्तन चाहेको त्यसका लागि विद्यार्थी र शिक्षकको सकारात्मक व्यवहारले भाषाको संरक्षण, सम्वर्द्धन र विकासमा सहयोग पुग्नसक्ने सहभागीबाट प्राप्त तथ्यका आधारमा निष्कर्ष पहिचान गरिएको छ।

**सन्दर्भ सामग्री**


अधिकारी, हेमाङ्गराज (२०५६, छैटौं संस्करण), *सामाजिक र प्रायोगिक भाषा विज्ञान* , काठमाडौँ : रत्न पुस्तक भण्डार।

पन्त, धर्मानन्द (२०७६),*प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : जनता प्रसारण तथा प्रकाशन।

*बहुभाषिक शिक्षा निर्देशिका* (२०६६), https://www.nayapatrikadaily.com/news-details/107959/2023-02- 21

भण्डारी, पारसमणि र पौड्याल, शालिकराम (२०७३), *सामाजिक भाषाविज्ञान र मनोभाषा विज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

ढकाल, शान्तिप्रसाद(२०७१), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : शुभकामना प्रकाशन।

AL QALAM . ( 2020). Boons of Multilingualism: Socio-cultural Implications of Multilingual Education System at Elementary Level in Pakistan .

Asta Haukas. (2015) *teachers beliefs about multilingualism and a multilingual pedagogicalapproach Department of Foreign Languages*, University of Bergen, Bergen, Norway.

Benard Odoyo Okal (2014) http://www.hrpub.org DOI: 10.13189/ujer.2014.020304 *Benefits of Multilingualism in Education*.

John Edwards (2012) *Bilingualism and Multilingualism: Some Central Concept* https://doi.org/10.1002/ 9781118332382.ch1

Government of Nepal Office of the Prime Minister and Council of Ministers National Statistics Offi ce Thapathali, Kathmandu .

Jennifer Bruen&Niamh Kelly .(2016). ***Language teaching in a globalised world: harnessing linguistic super-diversity in the classroom***. https://doi.org/10.1080/14790718.2016.1142548

JEAN-MARC DEWAELE. (2015) *Bilingualism and Multilinguali* Birkbeck College at the University of London, UK

Li Wei. (2020 ) *Bilingualism and Multilingualism*https://doi.org/10.1002/9781118786093.iela0034

Michael Clyne. (2017 )*Multilingualism* https://doi.org/10.1002/9781405166256.ch18

Theresa Catalano, Lydiah Kananu Kiramba&Kara Viesca (2020 *)* ***Transformative interviewing and the experiences of multilingual learners not labeled "ELL" in US schools*** https://doi.org/10.1080/15235882.2020.1738287


**Email : sbhagawati52@gmail.com**